मिक्लाजुङ गाउँपालिकाको

आ.व. २०८३/८४ को

वार्षिक नीति तथा कार्यक्रम

योजना तथा बजेट विवरण समेत



प्रकाशक:

मिक्लाजुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, नेपाल

मिक्लाजुङ गाउँपालिकाको

आ.व. २०८३/२०८४ को

वार्षिक नीति तथा कार्यक्रम

योजना तथा बजेट विवरण सहित

२० औं अधिवेशन

गाउँसभाबाट स्वीकृत

मिति २०८३ असार २७



मिक्लाजुङ गाउँपालिका

रवि, पाँचथर

कोशी प्रदेश, नेपाल

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रवि, पाँचथर

मन्तव्य



स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भएर नयाँ जनप्रतिनिधिहरु वहाल भएको पनि ४ वर्ष पूरा भई अन्तिम कार्यकालको उत्तरार्द्ध प्रवेश गरेको अवस्था छ। गाउँपालिकामा हाम्रो आगमन सँगसँगै नागरिकका आवश्यकताहरु पनि दिनानुदिन वृद्धि भइरहेको छ। तर गाउँपालिकाको स्रोत-साधन सीमित छ। सीमित स्रोत-साधनबाट नागरिकका असीमित आवश्यकतालाई एकैचोटि पूरा गर्न सम्भव हुँदैन। स्थानीय आवश्यकतालाई मध्यनजर राखी प्राथमिकताको आधारमा योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेकोमा सो अनुरुप हाम्रो प्रतिवद्धता रहिआएको छ।

"कृषि पर्यटन र पूर्वाधार, समृद्ध मिक्लाजुङको आधार" मिक्लाजुङ गाउँपालिकाको मुख्य ध्येय हो। यसलाई साकार पार्न विगतका आर्थिक वर्षदेखि नै गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रममार्फत समेट्ने प्रयत्न गरिएको छ। गाउँपालिकाभित्र पूर्वाधार विकास लगायत भू-वनावट जोखिम युक्त स्थानहरुले अन्य क्षेत्रमा समस्याहरु रहेका छन्। चालु आर्थिक वर्षमा यातायात पूर्वाधारलाई नै पहिलो प्राथमिकतामा राखी सामुदायिक विद्यालयहरुमा शैक्षिक सुधार र आधारभूत अस्पतालमा जनशक्ति तथा अन्य व्यवस्थापकीय सुधार गरी नियमित सञ्चालन गर्ने लक्ष्यानुसार प्राथमिकता निर्धारण गरिएको छ। त्यसपछि आर्थिक, सामाजिक, वन-वातावरण तथा विपत् र सुशासन एवं क्षमता विकास योजनालाई प्राथमिकतामा राखी बजेटले भ्याएसम्म सबै क्षेत्रलाई समेट्ने प्रयत्न गरिएको छ।

यस गाउँपालिकाको बिसौं गाउँ सभा अधिवेशनबाट पारित आर्थिक वर्ष २०८३/०८४ को गाउँपालिका नीति, बजेट तथा कार्यक्रमलाई सफल रुपमा कार्यान्वयन गर्न/गराउन सबैले आ-आफ्नो तह र तप्काबाट भरपूर सहयोग गर्नुहुनेछ भन्ने विश्वास र भरोसा लिएको छु ।

मिति : २०८३/०४/०६

(अमरराज माखिम)
अध्यक्ष
अमरराज माखिम
अध्यक्ष

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रवि, पाँचथर

मन्तव्य



मिक्लाजुङ गाउँबासी नागरिकहरुको अमूल्य साथ पाएर मिक्लाजुङ गाउँपालिका जनप्रतिनिधिको रुपमा हामी निर्वाचित भएका छौं। गाउँपालिकामा रहेका यावत् समस्याहरुको निराकरण गर्दै जनमैत्री सुशासनको प्रत्याभूति दिलाउनु हामी सबैको पहिलो कर्तव्य हो ।

हरेक वर्ष गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम तयार गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । चालु आर्थिक वर्ष २०८३/०८४ को लागि पनि गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम पारित भइसकेको छ । सीमित श्रोत र साधनले स्थानीय आवश्यकता एवं अपरिहार्यतालाई एकैचोटि परिपूर्ति गर्न सम्भव हुँदैन। विगत वर्षहरुमा भन्दा यस वर्ष केही फरकपन ल्याई गाउँपालिका नीति एवं बजेट मार्फत असल एवं स्थानीय जनजिवनको आर्थिकोपार्जन कार्यको थालनीलाई निरन्तरता गरेका छौं। आगामी वर्षहरुमा समेत निरन्तरता दिई थप नवीनतम् कार्यको थालनी गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

प्रस्तुत आ.व. २०८३/०८४ को गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनमा पूर्ण सहयोग गर्न सम्बन्धित सबै सरोकारवालामा हार्दिक अपिल गर्दछु ।

मिति : २०८३/०४/०६

(सन्त कुमार शेर्मा)
उपाध्यक्ष
सन्त कुमार शेर्मा
उपाध्यक्ष

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रवि, पाँचथर

मन्तव्य



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत विद्यमान ऐन, कानूनको परिधिभित्र रही हरेक गाउँपालिका/नगरपालिकाले तोकिएको समयसीमाभित्र गाउँ सभा सम्पन्न गरिसक्नुपर्ने कानूनी व्यवस्था रहेको छ। जसअनुसार यस गाउँपालिकाले पनि आर्थिक वर्ष २०८३/०८४ को लागि गाउँ सभाबाट नीति, बजेट तथा कार्यक्रम तोकिएको समयभित्रै पारित गरिसकेको छ ।

नीति तथा योजना बनाएर मात्र हुन्न, कार्यान्वयनको पक्ष फितलो भयो भने लक्ष्यनुसार प्रगति हासिल गर्न सकिन्न । त्यसको लागि सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य विद्यमान ऐन, कानूनहरुमा भएको व्यवस्था बमोजिम कार्यान्वयन प्रकृया अघि बढाइ सुशासन कायम गर्नु अहिलेको आवश्यकता हो ।

चालु आर्थिक वर्ष २०८३/०८४ को गाउँपालिका नीति, बजेट तथा कार्यक्रम तयार गर्ने सन्दर्भको अलावा यस गाउँपालिकाको म.ले.प. प्रतिवेदनमा उल्लेखित बेरुजुलाई सम्परीक्षण गरी बेरुजु न्यूनीकरण कार्य दिशा तर्फ समेत अहोरात्र खट्नुहुने अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्यहरु तथा संलग्न कर्मचारी मित्रहरुलाई हार्दिक आभार प्रकट गर्दै बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि हार्दिक शुभेच्छा प्रकट गर्दछु ।

मितिः २०८३।०४।१६

सन्तोष श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

विषय सूची

सि.नं.	विवरण	पेज नम्बर
१.	मिक्लाजुङ गाउँपालिका,, पाँचथरको संक्षिप्त परिचय	१-३
२	मिक्लाजुङ गाउँपालिका वार्षिक नीति तथा कार्यक्रम, २०८३	४-२९
३.	आय व्ययको विवरण अनुसूची-१	३०-३३
४.	राजश्व तथा अनुदान प्राप्तिको अनुमान अनुसूची-२	३४-३५
५.	आ.ब. ०८३/८४ को आन्तरिक राजश्व तर्फको आन्तरिक आय लक्ष्य अनुमान	३६-३७
६.	व्यय अनुमान अनुसूची-३	३८
७.	क्षेत्रगत व्यय अनुमान अनुसूची-५	३९
८.	आर्थिक वर्ष २०८३/०८४ को स्रोत मिलान विवरण	४०
९.	**०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम परियोजना अनुसार स्रोतगत विनियोजन विवरण**	४१-११४
	९.१ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च, अनिवार्य सिर्जित दायित्व तथा भुक्तानी बाँकी समेत	४१-५०
	९.२ गाउँपालिकास्तरिय योजना तथा कार्यक्रम (सि.नं.८० देखि १०५ सम्म)	५०-५३
	९.३ कृषि विकास कार्यक्रम (सि.नं.१०६ देखि १०८ सम्म)	५३-५४
	९.४ पशु सेवा कार्यक्रम (सि.नं.१०९ देखि ११२ सम्म)	५४-५५
	९.५ शिक्षा युवा तथा खेलकुद कार्यक्रम (सि.नं.११३ देखि १२२ सम्म)	५५-५६
	९.६ स्वास्थ्य, आयुर्वेद तथा महिला र अपाङ्गता रोकथाम विकास कार्यक्रम (सि.नं.१२३-१५७)	५६-६०
	९.७ वडा नं. १ को वार्षिक विकास कार्यक्रम (सि.नं.१६० देखि १८५ सम्म)	६१-६४
	९.८ वडा नं. २ को वार्षिक विकास कार्यक्रम (सि.नं.१८६ देखि २१३ सम्म)	६४-६७
	९.९ वडा नं. ३ को वार्षिक विकास कार्यक्रम (सि.नं.२१४ देखि २५२ सम्म)	६७-७०
	९.१० वडा नं. ४ को वार्षिक विकास कार्यक्रम (सि.नं.२५३ देखि २७२ सम्म)	७०-७२
	९.११ वडा नं. ५ को वार्षिक विकास कार्यक्रम (सि.नं.२७३ देखि ३०८ सम्म)	७२-७५
	९.१२ वडा नं. ६ को वार्षिक विकास कार्यक्रम (सि.नं.३०९ देखि ३३४ सम्म)	७५-७७
	९.१३ वडा नं. ७ को वार्षिक विकास कार्यक्रम (सि.नं.३३५ देखि ३६१ सम्म)	७८-८०
	९.१४ वडा नं. ८ को वार्षिक विकास कार्यक्रम (सि.नं.३६२ देखि ३९२ सम्म)	८०-८३
	९.१५ संघ शसर्त चालु तर्फको शाखागत कार्यक्रम (सि.नं.३९३ देखि ५०९ सम्म)	८३-१०६
	९.१६ संघ शसर्त पुंजीगत, समपुरक तथा विशेष अनुदान योजना तर्फको कार्यक्रम (सि.नं.५१०-	१०६-१०७
	९.१७ प्रदेश शसर्त चालु तथा पुंजीगत र समपुरक अनुदान तर्फको कार्यक्रम (सि.नं.५२०-५३६)	१०७-११०
	९.१८ स्वास्थ्य तर्फको क्रियाकलापगत बजेट विवरण (परिवार कल्याण कार्यक्रमको)	१११-११२
	९.१९ HPF संस्थाको आ.व.०८३/८४को प्रस्तावित वार्षिक बजेट क्रियाकलापगत विवरण	११३-११४
१०.	मिक्लाजुङ गाउँपालिकाको **आर्थिक ऐन, २०८३**	११५-१३५
११.	मिक्लाजुङ गाउँपालिकाको विनियोजन ऐन, २०८३	१३६
१२.	प्रदेश सरकारको प्रादेशिक कार्यालय अन्तर्गतको यस पालिकामा कार्यान्वयन हुने कार्यक्रम विवरण	१३७-१३८
१३.	आर्थिक वर्ष २०८२/८३ को आर्थिक विवरण	१३९
१४.	आर्थिक वर्ष २०८२/०८३ को महालेखापरीक्षणको क्रममा पेश भएको विवरण	१४०-१५३

१५.	आर्थिक वर्ष २०७४/०७५ देखि २०८१/०८२ सम्मको संक्षिप्त अद्यावधिक बेरुजु विवरण	१५४-१६०
१६.	२० औ गाँउ सभा अधिवेशनका निर्णयहरु	१६१-१६२
१७.	गाउँपालिकामा प्राप्त बजेटको विवरण (वित्तीय समानीकरण,शसर्त तथा समपुरक र विशेष अनुदान)	१६३-१६४
१८.	हाल सम्म पालिकाभित्र सञ्चालित साना सिंचाई योजनाहरुको विवरण (SIP Project Based)	१६५-१६६
१९.	आर्थिक वर्ष २०८३/०८४ को पालिकाको जग्गाहरुको मालपोत मूल्याङ्कन विवरण	१६७-१७७
२०.	मिक्लाजुङ गाउँपालिकाको जनप्रतिनिधिहरुको विवरण	१७८-१७९
२१.	मिक्लाजुङ गाउँपालिका कार्यालयको दरबन्दी तेरिज	१८०-१८४
२२.	मिक्लाजुङ गाउँपालिकाको कार्यरत स्थायी कर्मचारी विवरण	१८४-१८६
२३.	मिक्लाजुङ गाउँपालिकाको कार्यरत कार्यक्रममा आधारित तथा करार सेवा कर्मचारी विवरण	१८६-१८९
२४.	गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्य सेवा कर्मचारीहरुको विवरण	१९०-१९२
२५.	गाउँपालिका अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविकाहरुको विवरण	१९३-१९५
२६.	मिक्लाजुङ गाउँपालिकाको पूर्व कार्यरत कर्मचारीहरुको विवरण	१९६-१९९
२७.	गाउँपालिका अन्तर्गत सामुदायिक तथा निजी विद्यायहरुको विवरण	२००-२०२
२८.	पालिकाको सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानी फिल्टर जडान, इन्टरनेट तथा ब्याकअप विवरण	२०३-२०५
२९.	आ.व.०८२/८३ मा सम्पन्न भएका विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण अनुदान विवरण	२०६
३०.	पालिकाबाट कृषक प्रोत्साहन अनुदान प्राप्त गर्ने वडागत विवरण (आ.व.०७७/७८ देखि ०८२/८३ सम्म)	२०७-२०८
३०.	शैक्षिक गुणस्तर सुदृढिकरण अन्तर्गत पुस्तकालय, ICT र बिज्ञान प्रयोगशाला अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालयहरुको विवरण	२०९-२१०
३१.	गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुको विवरण	२११-२१२
३२.	गाउँपालिका भित्र सञ्चालित संघ/संस्था/ समितिहरुको विवरण	२१३-२१६
३३.	HPF, गाउँपालिका र चन्द्रोदय मा.वि. दशमी वडा नं. ३ बिचको विद्यालय भवन निर्माण सम्बन्धी सम्झौता	२१७-२२९
३४.	HPF, गाउँपालिका र दुर्गा मा.वि. रवि वडा नं.४ बिचको विद्यालय भवन निर्माण सम्बन्धी सम्झौता	२३०-२४४
३५.	HPF, गाउँपालिका र दुर्गा मा.वि. सराङडाँडा वडा नं. १ बिचको विद्यालय भवन निर्माण सम्बन्धी सम्झौता	२४५-२५७

मिक्लाजुङ गाउँपालिकाको संक्षिप्त परिचय

"मिक्लाजुङ"को नामाकरण लिम्बू भाषावाट भएको पाइन्छ । लिम्वु भाषमा "मिक्ला" को अर्थ "मालिङ्गो" हुन्छ । मालिङ्गो भनेको एक प्रकारको लेकाली वास हो । यो घना वाक्लो र अग्लो हुन्छ । "जुङ" (जङ वाट अपभ्रंश भएको भन्ने गरिन्छ) को अर्थ "टुप्पो" हुन्छ । यसरी "मिक्लाजुङ" को अर्थ मालिङ्गो टुप्पो अर्थात वासको टुप्पो भन्ने अर्थ लाग्छ जसलाई टाढा टाढावाट पनि सजिलै देख्न सकिन्छ ।मिक्लाजुङ शव्द प्राकृतिक सम्पदासंग जोडिएको छ । मिक्लाजुङ एक डाँडाको नाम हो । यो हालको गाउँपालिका कार्यालय रवि वजारवाट दक्षिणतर्फ करीव २७०० मिटर उचाइमा छ । पाँचथर, इलाम र मोरङ जिल्लाको साझा शिखरको रुपमा चिनिने यसको मुख्य आकर्षण भनेको खुल्ला मौसम र रमणीय सूर्योदय देखिनु हो । सफा मौसममा पूर्वी नेपालका १० जिल्लाहरु र भारतको विहार र वङ्गाल सम्म यसै क्षेत्रवाट प्रष्टै देख्न सकिन्छ (जिल्ला वस्तुगत विवरण, २०७५) । मुलतः यो क्षेत्र जैविक विविधताको लागि एक राजधानी पनि हो। नेपालका वहुमूल्य जडीवुटी, वन सम्पदा, वन्यजन्तु लगायत पानीका डोवहरु यहाँ पर्याप्त मात्रामा उपलव्ध छन् यो मोरङको रमिते हुँदै चारकोशे झाडीसँग जोडिएको छ। यो ऐतिहासिक पक्षसँग पनि जोडिएको छ । त्यसवेला पाँच पाण्डव महाभारत पहाड यात्रा गर्ने क्रममा यसै स्थानको ठूलो ढुङ्गा माथि चुलो बनाएर खाना पकाई खाएको जनुश्रुती छ र राष्ट्रका १६ औं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द गुफा बस्नु भएको स्थल समेत यहाँ सुरक्षित छ । यसरी मिक्लाजुङ डाँडा आफैमा विविध पक्षहरुबाट महत्वपूर्ण रहेकोले यसैको नामवाट गाउँपालिकाको नामाकरण गरिएको हो। नेपाल एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ । संघीय व्यवस्था अनुसार नेपालमा संघ, सात प्रदेश र **७५३** स्थानीय तहको गठन भएको छ, जसमा पाँचथर जिल्लामा ८ स्थानीय तहको गठन भएको छ । मिक्लाजुङ गाउँपालिका कोशी प्रदेशको पाँचथर जिल्लामा अवस्थित छ ।

मिक्लाजुङ गाउँपालिकाको विस्तृत विवरण

क्र.सं.	नयाँ वडा	समावेश गाविस / गाउँपालिका	जनसंख्या २०६८ सालको जनगणनानुसार	जनसंख्या २०७८ सालको जनगणनानुसार	क्षेत्रफल(वर्ग कि.मी.)
१	१	सरङडाँडा(१-४)	२६८७	२२४५	१४.७१
२	२	सरङडाँडा(५-९)	२८७३	२६८४	१९.६८
३	३	आरुवोटे(१-९)	२६७२	२९००	२२.२१
४	४	रवि(१-९)	४२००	४०९८	२०.५६
५	५	कुरुम्वा(१-८)	३६३७	३०३२	१६.७१
६	६	कुरुम्वा (९) र लिम्वा(१-३,९)	२१५१	१५९३	१६.०१
७	७	लिम्वा(४-८)	२५०५	१९०७	२३.९९
८	८	दुर्दिम्वा(१-९)	२९९०	१६०२	३२.७३
	जम्मा		**२३७१५**	**२१०६१**	**१६६.६**

२. मिक्लाजुङ गाउँपालिकाको क्षेत्रफल तथा जनसंख्या

मिक्लाजुङ गाउँपालिकाको वडागत क्षेत्रफल तथा जनसंख्या तलको टेबलमा प्रस्तुत गरिएको छ। मिक्लाजुङ गाउँपालिकाको जम्मा जनसंख्या २१०६१ रहेको देखिन्छ भने लैङ्गित अनुपात ९८.५६% रहेको छ। परिवारको औसत आकार ३.८६ मात्र छ। जनघनत्व सबभन्दा बढी वडा नं. ४ मा रहेको छ भने सबभन्दा कम वडा नं. ६ मा रहेको छ।

वडा नं.	घर परिवार संख्या	जनसंख्या			परिवारको औसत आकार	लैङ्गिक अनुपात	क्षेत्रफल वर्ग कि.मि.	जनघनत्व
		कुल	पुरुष	महिला				
१		२२४५	११०७	११३८		९७R२८	१४.७१	
२		२६८४	१३०६	१३७८		९४R७८	१९.६८	
३		२९००	१४३३	१४६७		९७R६८	२२.२१	
४		४०९८	२०४९	२०४९		१००R००	२०.५६	
५		३०३२	१५०८	१५२४		९८R९५	१६.७१	
६		१५९३	८१३	७८०		१०४R२३	१६.०१	
७		१९०७	९६०	९४७		१०१R३७	२३.९९	
८		२६०२	१२७८	१३२४		९६R५३	३२.७३	

३. घर परिवार सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार मिक्लाजुङ गाउँपालिकामा जम्मा २१०६१ जनसंख्या र ५४५९ घर परिवार रहेका छन्। जसको विस्तृत विवरण देहाय बमोजिम रहेको देखिन्छ।

४. उमेर तथा लिङ्ग अनुसार जनसंख्याको विवरण

मिक्लाजुङ गाउँपालिकाको जनसंख्या पिरामिड ???????? देखिन्छ। महिलाको जनसंख्या ५०.४% र पुरुषको जनसंख्या ४९.६% रहेको छ। ५० देखि ५९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा बढी रहेको छ।

५. जातजातिको विवरण

१० भन्दा बढी जातिको बसोबास रहेको मिक्लाजुङ गाउँपालिकामा याक्थुङ लिम्बु जातिको बाहुल्य रहेको छ भने राई, तामाङ, क्षेत्री, मगर र वान्तवा प्रमुख जातजातिको रुपमा रहेको छ। यस गाउँपालिकामा रहेका मुख्य जातजातिहरुमा याक्थुङ लिम्बु ३८.८०%, राई २१.१०%, तामाङ ११.३०%, क्षेत्री ९.१०%, मगर ६.६%, तामाङ ६.०६%, वान्तवा ४?१?, बिश्वकर्मा ३.१%, पहाडी ब्राह्मण र परियार २?०?? र सुनुवार १?८?? रहेका छन्।

६. मातृभाषाको विवरण

१० भन्दा बढी प्रकारका मातृभाषा यस गाउँपालिकामा बोलिन्छ। याक्थुङ लिम्बु जातिको बाहुल्य रहेको भए तापनि ६२% जनसंख्याको मातृभाषा नेपाली नै रहेको देखिन्छ। यस बाहेक राई, तामाङ प्रमुख मातृभाषाको रुपमा बोलिने देखिन्छ।

७. शैक्षिक अवस्था

नेपालको साक्षरता दर ६७.२% रहेकोमा यस गाउँपालिकाको ८२.९% रहेको छ। महिलाको सारक्षता दर (७८.३%) पुरुषको (८८%) भन्दा कम रहेको देखिन्छ। वडागत रुपमा बिश्लेषण गर्दा सबभन्दा बढी साक्षरता दर बजार क्षेत्र रहेको वडा नं. ४ मा र सबभन्दा कम साक्षरता दर वडा नं. ७ मा रहेको देखिन्छ।

मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रवि, पाँचथरको अन्य विवरण

मिक्लाजुङ गाउँपालिका कार्यालय पान नं. २०१२७४२५९
मिक्लाजुङ गाउँपालिका कार्यालय ▯▯▯▯▯ कोडः- ८०१०२५०५३००
मिक्लाजुङ गाउँपालिका ▯▯▯▯ ▯ कोडः- ८०१०१०२०७
मिक्लाजुङ गाउँपालिका कर्मचारी सञ्चय कोष कोडः- ११२५५०२
मिक्लाजुङ गाउँपालिका नागरिक लगानी कोष (विमा तथा वचत वृद्धि)▯▯०१३७२९
मिक्लाजुङ गाउँपालिका कार्यालयको खाता रहेको बैंकः **कृषि विकास बैंक, रवि**

खाताको प्रकार	खाताको अंग्रेजी नाम	खाता नं.
आन्तरिक राजस्व खाता	MIKLAJUNG GA. PA.(GA-1-1)-AANTARIK RA	0625101395925112
आन्तरिक अनुदान खाता	MIKLAJUNG RURAL MUNICIPALITY GA 1.3 INTERNAL GRANT ACCOUNT	0625101395925139
विविध खर्च खाता	Ga 2.3 Miscellaneous Expenditure AC	0625101395925163
धरौटी खाता	MIKLAJUNG GA. PA.(GA-3)-DHARAUTI	0625101395925066

कार्यालयको इमेलः- miklajungrm2073@gmail.com
कार्यालयको वेभमेलः- info@miklajungmunpanchthar.gov.np
कार्यालयको प्रमुख प्रशासकीय अधिकृत (९८५२६८४८३१)
कार्यालयको सूचना अधिकारीः खगेन्द्र खनाल (९८५२६८४८२८)
कार्यालयको गुनासो सुन्ने अधिकारीः योगेन्द्र राई (९८५२६८४८२९)
पालिका लेखा शाखा (९८५२६६८८९९) पालिका शिक्षा शाखा (९८५२६८४९८१)
पालिका **स्वास्थ्य शाखा (९८५२६८४८३२)**
पर्यटकीय स्थल बुद्ध पार्क सम्पर्क नं. (९८५२६८४८५०)

मिक्लाजुङ गाउँपालिका, रवि पाँचथरमा रहेका संघीय, प्रादेशिक र अन्य कार्यालयहरु			
क्र.सं.	कार्यालयको नाम	सम्पर्क नं.	कैफियत
१	इलाका प्रशासन कार्यालय, रवि	९८५२६६२१३३	
२	इलाका प्रहरी कार्यालय, रवि	९८५२६८४३००	
३	इलाका हुलाक कार्यालय, रवि	९८४५६१२९३३	
४	इलाका वन कार्यालय, रवि	९८२४७४४४३२	
५	विद्युत कार्यालय, (रवि फ्युज)	९८१६००१३७२	
६	नेपाल बैङ्क लिमिटेड, रवि शाखा	९८५२६५२८१३	
७	कृषि विकास बैङ्क लिमिटेड, रवि शाखा	०२४४१२११४	
८	हिमालयन बैङ्क लिमिटेड, रवि शाखा	९८४००५६५००, ०२४-४१२ १८४ र १८५	
९	गोर्खाज फाइनान्स लिमिटेड, रवि शाखा	९८०७९४५५९८, ०२४-४१२१०७	
१०	रौंकै-रवि-भेडेटार सडक आयोजना कार्यालय	९८५५०२८०८२	

आदरणीय सभा अध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई सुझाव दिनु हुने सम्पुर्णलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

सर्वप्रथमत म विभिन्न कालखण्डमा देश र जनताको निमित्त विभिन्न लोकतान्त्रिक जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने ज्ञात-अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली एवम सम्मान अर्पण गर्दछु । हामी नेपालको संविधानले अवलम्वन गरेको ३ तहको संघीय शासन प्रणालीको अभ्यासमा रहेका छौ । संविधानले परिकल्पना गरेको सहकारिता, समन्वय र सह-अस्तित्वपूर्ण शासकीय व्यवस्थालाई आत्मसाथ गर्दै समतामूलक र समावेशी विकास पक्रियामा ३ वटै सरकारले मिलेर कार्य गर्नु आजको प्रमुख आवश्यकता रहेको छ । स्थानीय तहको दोस्रो निर्वाचनपछि सार्वभौम नागरिकको विकास प्रतिको उत्कट चाहनालाई सीमित स्रोत साधनको विवेकपूर्ण र न्यायोचित वितरणको माध्यमवाट परिपूर्ति गर्ने अभिलासाका साथ यो सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

<u>क. विद्यमान परिवेश</u>

क. विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका विद्यमान अवसरहरूः

१. संविधानमा २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. गाउँपालिका भित्र भौगोलिक, धार्मिक, सांस्कृतिक विविधता रहनु ।
३. पूर्वाधारको पहुँच विस्तार हुँदै जानु ।
४. शैक्षिक संस्थाहरुमा न्युनतम भौतिक पुर्वाधार स्थापना हुनु साथै स्थानीय पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयनमा रहनु।
५. सवै वडामा स्वास्थ्य संस्थासवै स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना भई नियमित रुपमा स्वास्थ्य , सेवा प्रवाह हुँदै आउनु साथै पुर्ण खोपयुक्त पालिका घोषणा हुनु।
६. राष्ट्रिय रोजगार कार्यक्रमबाट उत्पादनमुलक रोजगारीको सिर्जना गर्ने कार्यक्रमहरुसंग आवद्ध हुनु।
७. उत्पादनमा आधारित कृषक पुरस्कारबाट कृषकहरु उत्प्रेरित भई कृषि उपजमा आत्मनिर्भरता उन्मुख हुदै जानु।
८. प्रचुर प्राकृतिक सम्पदा एवं मनोरम पर्यटकिय स्थलहरु रहनु।
९. सडक/पुर्वाधार निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुदै जानु ।
१०. प्राकृतिक स्रोतसाधनको प्रचुरता: जलस्रोत, वन, जैविक विविधता तथा खनिज स्रोतको उपलब्धता।
११. जलविद्युत् उत्पादनको सम्भावना: खोलाहरूको प्रचुरताले ऊर्जा उत्पादन र निर्यातको अवसर।
१२. पर्यटन क्षेत्रको विकास: धार्मिक तथा सांस्कृतिक सम्पदाले पर्यटन प्रवर्द्धन गर्न सकिने।
१३. युवा जनशक्ति: ठूलो युवा जनसंख्या उत्पादनशील श्रमशक्तिको रूपमा उपयोग गर्न सकिने।

१४. कृषि आधुनिकीकरण: उर्वर भूमि र विविध हावापानीका कारण कृषि उत्पादन वृद्धि गर्न सकिने।
१५. सूचना तथा सञ्चार प्रविधि: डिजिटल प्रविधिको विस्तारले रोजगारी र सेवा प्रवाहमा सुधार ल्याउन सकिने।
१६. संघीय शासन प्रणालीमार्फत स्थानीय स्तरमा विकास योजना सञ्चालन।
१७. विदेशी लगानी तथा निजी क्षेत्रको बढ्दो सहभागिता।
१८. क्षेत्रीय तथा अन्तर्राष्ट्रिय व्यापार विस्तारको सम्भावना।
१९. शिक्षा, स्वास्थ्य र प्रविधिमा बढ्दो पहुँच।
२०. हरित ऊर्जा तथा दिगो विकासका नयाँ कार्यक्रमहरू।
२१. उद्यमशीलता र स्टार्टअप संस्कृतिको विकास।

ख. विद्यमान चुनौतीहरू:

१. एकल अधिकार एवं साझा अधिकारमा उल्लेखित विषयहरुको कार्यान्वयनका लागि आवश्यक ऐन कानूनहरुको तर्जुमा गर्नु।
२. विद्यमान ऐन कानूनहरुको पुर्ण रुपमा परिपालना गरी बढ्दो आर्थिक अनियमितता, अपारदर्शीता तथा बेरुजुको न्युनिकरण गर्दै जानु।
३. सडक सञ्जालहरुको दिगो स्तरोन्नती गरी बाह्रै महिना यातायतको पहुँच सुनिश्चित गर्नु ।
४. १५ शैयाको अस्पतालको निर्माण सम्पन्न गर्नु तथा क्यान्सर, मधुमेह, ?????? ????? उच्च रक्तचाप लगायतका रोगीहरुको संख्या घटाउदै जानु।
५. शिक्षालाई वैज्ञानिक, व्यवहारीक, प्रविधिमैत्री, रोजगारमुलक, सीपमूलक बनाई खस्कदो शैक्षिक गुणस्तरलाई उकास्नु।
६. कृषकहरुलाई गुणस्तरीय बीउबिजन, मलखाद समयमा नै उपलब्ध गराउनु ।
७. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
८. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
९. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१०.प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुङगा,गिटी, बालुवा) प्रयोगलाई नियमन एवम व्यवस्थापन गरी आन्तरिक आय अभिवृद्धि गर्नु।
११.बेरोजगारी तथा वैदेशिक रोजगारीमा अत्यधिक निर्भरता।
१२.गरिबी र क्षेत्रीय असमानता।
१३.प्राकृतिक विपद् तथा जलवायु परिवर्तनका प्रभावहरू।
१४.दक्ष जनशक्तिको अभाव र मस्तिष्क पलायन।

ग. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

१.नेपालको संविधान,

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

३. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

४. १६ औं योजनाको आधारपत्र

५. गाँउपालिकाको आवधिक योजना

लगायतका दस्तावेजका आधारमा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

सभाध्यक्ष महोदय,

अब म आ. व. २०८३/०८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

क. शिक्षा, युवा तथा खेलकुद

१. यस पालिकामा सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुलाई वार्षिक रुपमा दिंइदै आएको विभिन्न अनुदानहरुलाई निरन्तरता दिदै शिक्षक कर्मचारी/लगायतको पेशागत विकास र क्षमता अभिवृद्धिका लागि सेवा प्रवेशलन गरिनेछ। पुनर्ताजगी लगायतका तालिम सञ्चा ,

२. HUMAN PRACTICE FOUNDATION सँग सम्झौत भई आ.व. २०८२/८३ देखि क्रमशः कार्यान्वयन हुँदै आएका विद्यालयहरुको पुर्वधार विकास तथा गुणस्तरीय शिक्षा कार्यक्रममा पालिकाले व्यहोर्नुपर्ने कुल लागतको रकम आर्थिक वर्ष (पुर्वधार विकासतर्फ) प्रतिशत 20 208३/०८४ मा बजेट विनियोजन गरिनेछ।

३. "मेरो बालबालिकाका लागि गुणस्तरीय शिक्षा, मिक्लाजुङ गाउँपालकाको इच्छा" भन्ने मूल नारालाई जोड दिइ कर्मचारी, शिक्षक, जनप्रतिनिधि र राजनैतिक नेतृत्व वर्ग र सर्वसाधारणका बालबालिकाहरुलाई सामूदायिक विद्यालयमा नै भर्ना हुन विशेष प्रोत्साहनकार्यक्रमलाई निरन्तरता दिइने छ ।

ख. विद्यालयको शैक्षिक गुणस्तर सुधारलाई उच्च प्राथमिकतामा राखि तपशिलका कार्यक्रमहरु गरिनेछन् ।

१. विद्यालयको शैक्षिक गुणस्तर सुधारका निमित्त शैक्षिक गुणस्तर सुधार योजना तयार गरी लागु गरिनेछ ।

२. विद्यालय भर्ना कार्यक्रम अन्तर्गत भर्ना अभियान मार्फत विद्यालय उमेर समूहका सतप्रतिशत बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याइनेछ ।

३. विद्यार्थीहरुमा सिकाइ संस्कारको विकास गर्नका निमित्त विद्यालयमा पुस्तकालय, बुक कर्नर एवं अतिरिक्त अध्ययन सामग्रीहरुको ब्यवस्था गरिनेछ ।

४. कार्यसम्पादन एवं गुणस्तर अभिबृद्धिका आधारमा विद्यालयहरुलाई पुरस्कृत गरिनेछ ।

५. शैक्षिक क्षेत्रमा भएका असल अभ्यासहरुको अनुसरणका लागि विभिन्न शैक्षिक संस्थाहरुको अवलोकन भ्रमणको ब्यवस्था गरिनेछ ।

ग. शैक्षिक संस्थाहरुको संस्थागत क्षमता विकास अन्तर्गत तपशिलका कार्यक्रमहरु गरिनेछ ।

१. शैक्षिक शुसासन प्रवर्धनका कार्यक्रमहरु, प्र.अ. ब्यवस्थापन, विद्यालयको लेखा ब्यवस्थापन, तथ्याङ्क ब्यवस्थापन र कार्यालय ब्यवस्थापनका तालिमहरु संञ्चालन गरि ब्यवस्थित गरिनेछ ।

२. शैक्षिक सामग्री सप्ताह आयोजना गरेर स्थानीय स्तरमा उपलब्ध हुने मूल्य नपर्ने, न्यून मूल्यका, शिक्षक निर्मित, विद्यार्थी निर्मित, डिजिटल शैक्षिक सामग्री निर्माणमा विद्यालयहरुलाई प्रोत्साहित गरी वर्षभरीका लागि शैक्षिक सामग्री निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

घ. विद्यालयहरुको भौतिक पूर्वाधार विकास अन्तर्गत तपशिलका कार्यक्रमहरु गरिने छन् ।

१. हरित विद्यालय निर्माणका निमित्त विद्यालयहरुमा विभिन्न सरोकारवाला पक्षहरुको साझेदारीमा विद्यालय बाटिका निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

२. आधारभूत तथा माध्यमिक सामूदायिक विद्यालयहरुमा डिजिटल हाजिरी र सि.सि. टि.भि. जडान गरी दुर अनुगमन [illegible]मा निरन्तरता दिइने छ ।

३. बालकक्षा ब्यवस्थापन अन्तर्गत कक्षाकोठा बालमैत्री बनाउनका साथै बालकक्षाका भित्ताहरुमा सिकाइका विषयवस्तुहरु पेन्टिङ गर्ने ब्यवस्था मिलाईनेछ ।

ङ. विद्यालय पोषण, स्वास्थ्य र सरसफाइ

१. विद्यालयमा बालबालिकाहरुको लागि उपलब्ध दिवा खाजाको ब्यवस्थापन र गुणस्तरका निमित्त नियमित अनुगमन र नियमन गर्ने ब्यवस्था मिलाईनेछ ।

२. विद्यालयमा बालबालिकाको स्वास्थ्य अवस्थाको नियमित चेकजाँच गर्न विद्यालयबाट नजिकका स्वास्थ्य संस्थाहरुको सहकार्यमा विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गर्ने ब्यवस्था मिलाउनका साथै प्राथमिक उपचारका सामग्रीहरु उपलब्ध गराईनेछ ।

३. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई शिक्षण– सिकाइ प्रक्रियासँग एकीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

४. विद्यार्थीमा स्वस्थ जीवनशैली, व्यक्तिगत सरसफाइ तथा पोषणसम्बन्धी व्यवहार विकास गर्ने।

५. किशोरकिशोरी स्वास्थ्य, मानसिक स्वास्थ्य तथा महिनावारी स्वच्छता व्यवस्थापनलाई विशेष प्राथमिकता दिने।

६. विद्यालय, अभिभावक, स्वास्थ्य संस्था तथा समुदायबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने।

७. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई समावेशी, बालमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउने।

च. विद्यालय विपद् ब्यवस्थापन र जोखिम न्यूनीकरण

१. विद्यालयमा विपद् बाट पुगेको शैक्षिक क्षति परिपुरणका निमित्त स्वअध्ययन सामग्री र उपचारात्मक शिक्षणको ब्यवस्था मिलाईनेछ ।

२. विद्यालयमा विपतबाट पुग्न सक्ने संभावित जोखिम अध्ययन गरी सोको निराकरणका लागि सुझाव दिन विद्यालय स्तरीय जोखिम न्यूनिकरण इकाइ निर्माण गरी सुरक्षित विद्यालय निर्माणमा जोड दिइनेछ ।
३. विद्यालयलाई विपद् प्रतिरोधी, सुरक्षित तथा बालमैत्री शैक्षिक संस्थाका रूपमा विकास गर्ने।
४. विद्यालयस्तरमा विपद् जोखिम पहिचान, न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापना प्रणालीलाई सुदृढ गर्ने।
५. विद्यालय विपद् व्यवस्थापन योजनालाई स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनासँग आबद्ध गर्ने।
६. विद्यालय भवन तथा पूर्वाधारलाई विपद् प्रतिरोधी मापदण्डअनुसार निर्माण तथा व्यवस्थापन गर्ने।

छ. विद्यालय खेलकुद र अतिरिक्त क्रियाकलाप

१. विद्यालय खेलकुद शिक्षकहरुको क्षमता विकास गरिनेछ ।
२. विद्यालयमा अध्ययनरत बालबालिकाहरुको लागि पढाइ लेखाइका अतिरिक्त सर्वाङ्गिण विकासका निमित्त नियमित अतिरिक्त क्रियाकलाप गर्न/गराउन विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।
३. राष्ट्रपति रनिङसिल्ड प्रतियोगिताको सबै खेल विधाहरुमा विद्यार्थी सहभागीता बृद्धि गरिनेछ ।
४. अतिरिक्त क्रियाकलापहरुमा विद्यार्थीहरुलाई आकर्षित गर्न गाउँ स्तरीय प्रतिभा पहिचान कार्यक्रम साथै शैक्षिक प्रदर्शनी साथै उत्कृष्ठ GPA ल्याउने विद्याथीलाई सम्मान तथा प्रोत्साहन जस्ता कार्यक्रमहरु ल्याइनेछ ।
५. विद्यालयमा खेलकुद, कला, संस्कृति, साहित्य, विज्ञान तथा सिर्जनात्मक गतिविधिहरूलाई प्रोत्साहन गर्ने।
६. विद्यार्थीमा नेतृत्व, अनुशासन, सहकार्य, प्रतिस्पर्धात्मक भावना तथा जीवनोपयोगी सीपको विकास गर्ने।
७. विद्यालयस्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलापमा सबै विद्यार्थीको समान र समावेशी सहभागिता सुनिश्चित गर्ने।
८. स्थानीय खेल, कला, संस्कृति तथा परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धन गर्ने।

ज. विद्यालय अनुगमन र मूल्याङ्कन

१. विद्यालय सुपरीवेक्षण र पेशागत सहायताका निमित्त विशेष ब्यवस्था गरिनेछ ।
२. शिक्षण सिकाइ कार्यमा निरन्तर उत्प्रेरणा र पृष्ठपोषण दिन नियमित विद्यालय अनुगमन र विज्ञ सहितको कक्षाकोठा अवलोकन गर्ने ब्यवस्था मिलाईने छ ।
३. **"शैक्षिक सुधार कार्यक्रम"** अन्तर्गत विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक एवं प्राविधिक क्षेत्रको पहुँचका निमित्त कार्यक्रमहरु साथै शिक्षक सम्मान विद्यालय छात्रबृति लागी अक्षय कोष खडा गर्नका साथै उच्च शिक्षा छात्रबृत्तिका कार्यक्रमहरु संचालन गरिनेछ ।
४. शिक्षक दरबन्दी मिलान र ब्यवस्थापन गरिने छ ।

५. शिक्षक विद्यार्थी अनुपात र भुगोलका आधारमा दरबन्दी मिलान र दरबन्दी पुनर्वितरण गरिनेछ ।
६. सामुदायिक विद्यालय संचालन अनुदान तथा रवि बहुमुखी क्याम्पसलाई दिइदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

झ. यूवा तथा खेलकुद विकास

१. यूवा प्रतिभा प्रस्फुटनका लागि यूवा लक्षित कार्यक्रमहरु ल्याईनेछ ।
२. मिक्लाजुङ गाउँपालिका आधारभूत / माध्यमिक तह स्तरीय खेलकुद कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
३. वडा स्तरमा यूवा तथा खेलकुद विकास समितिहरुलाई सक्रिय बनाइनेछ ।
४. यूवा तथा खेलकुद विकासका कार्यक्रमहरु मार्फत मिक्लाजुङ गाउँपालिकालाई खेलकुद क्षेत्रको हव (केन्द्र) बनाउनका साथै समयानुकुल सक्षम, प्रतिस्पर्धी, सिर्जनशिल र नवप्रवर्तनात्मक सोच भएका यूवा जनशक्ति तयार गरिने छ ।
५. गाउँ तथा वडा स्तरका विभिन्न खेलकुद एवं मनोरञ्जनका कार्यक्रमहरु आयोजना गरिनेछ ।
६. गाउँपालिका वाहिर आयोजना हुने विभिन्न खेलकुद प्रतियोगीताहरु र यूवा प्रतिभा कार्यक्रमहरु सहभागी हुन प्रतिस्पर्धीहरुलाई प्रोत्साहित गरिनेछ ।
७. राष्ट्रपति रनिङ कप प्रतियोगिता तथा अन्तरपालिका पालिका स्तरिय आमन्त्रित कार्यक्रमहरु संचालन साथै सक्रिय सहभागी जनाइने छ ।

२. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण र पुनर्निर्माण कार्यक्रम।
२. संग्रहालय, पुस्तकालय तथा अभिलेखालयको स्थापना र सुदृढीकरण।
३. लोककला, संगीत, नृत्य तथा नाटकको संरक्षण र प्रोत्साहन।
४. लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण कार्यक्रम।
५. सांस्कृतिक अनुसन्धान तथा दस्तावेजीकरण कार्यक्रम।
६. स्थानीय भाषा लाई पर्यटन विकाससँग जोडदै यसकोसंस्कृति र सम्पदा ,प्रवर्द्धन गरिनेछ।
७. भाषा, कला, साहित्य तथा संस्कृति संरक्षण सम्बन्धी नीति र कानुन तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ।
८. पुरातात्विक महत्वका बस्तुहरुको संरक्षण गरिनेछ। मठ, मन्दिर, पाटी पौवा र गुठीहरुको संरक्षण र व्यवस्थापनको कार्यलाई प्राथमिकता दिइनेछ
९. यस पालिकामा लाग्ने मेला, जात्रा पर्वलाई व्यवस्थापन र प्रवद्र्धन गरिनेछ ।
१०. सांस्कृतिक परम्परा बमोजिम मनाइने सबै जातजातिका पर्वहरुलाई व्यवस्थित गरिनेछ र गाउँपालकिा भित्र रहेका धार्मिक मठ मन्दिर, गुम्वाको अभिलेख तयार गरी आवश्यक मर्मत– सम्भार, सुधार तथा सौन्दर्यीकरण गरी धार्मिक पर्यटनका लागि विशेष जोड दिईनेछ ।

३. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. सबै प्रकारका विभेद, शोषण र उत्पिडनको अन्त्य गर्दै समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै स्थानीय समुदायको परम्परागत ज्ञान, सिप, संस्कृति, भाषा, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गरिनेछ।

२. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. बाल विवाह अन्त्यका लागि किशोरीसशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सबै नागरिकलाई जात, धर्म, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा शारीरिक अवस्थाका आधारमा कुनै पनि प्रकारको भेदभाव नगर्ने।

५. महिला तथा सीमान्तकृत समुदायको समान अवसर र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

६. सार्वजनिक सेवा, स्रोत– साधन तथा विकासका अवसरहरूमा समान पहुँच स्थापित गर्ने।

७. लैङ्गिक हिंसा, विभेद तथा सामाजिक बहिष्करण अन्त्य गर्न आवश्यक कानुनी तथा संस्थागत व्यवस्था सुदृढ गर्ने।

८. समावेशी विकासका लागि GESI मैत्री योजना, बजेट तथा कार्यक्रम सञ्चालन गर्ने।

९. अपाङ्गता भएका व्यक्ति तथा अन्य कमजोर वर्गका अधिकार संरक्षण र प्रवर्द्धन गर्ने।

४. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवालाई उपयोगी, प्रभावकारी, सर्वसुलभ र सहज पहुँचको सुनिश्चितता गर्दै नागरिकहरुको स्वास्थ्य स्तरमा सुधार गरिने छ ।

२. ५ वर्ष मुनिका बालबालिकाहरुको पूर्ण खोपको सुनिश्चितता र दीगोपनलाई निरन्तरता दिइनेछ ।

३. जेष्ठ नागरिक, विपन्न तथा पछाडि परेका वर्ग, क्षेत्र र समुदायमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न, गाउँघर क्लिनिकलाई प्रभावकारी बनाईने छ ।

४. अपांगता रोकथाम तथा पुन:स्थापना कार्यक्रलाई निरन्तरता दिदै स्वास्थ्य सम्बन्धित कर्मचारीहरुलाई आवश्यक तालिम तथा प्रोत्साहनको व्यावस्था गरिने छ ।

५. आधारभुत अस्पताल रविबाट फार्मेसी सेवा, आकस्मीक सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन सेवा लगायतका सेवाहरुहरु प्रभावकारी रुपमा संचालन गर्न जनशक्ती, औषधि तथा औजार उपकरणको व्यवस्था गरिनेछ ।

६. आधारभुत अस्पताल रविबाट स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७. समुदायमा रहेको नसर्ने (प्रेसर, सुगर र दम) रोगको लागि आवश्यक औषधि व्यबस्था गरिनेछ ।

८. स्वास्थ्य संस्थाहरुमा परिवार नियोजन सेवाको पहुँच बढाउन, आमा सुरक्षा कार्यक्रम सफल बनाउन स्वास्थ्यकर्मीहरुलाई तालिमको व्यबस्था गरिनेछ ।

९. स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइ मापदण्ड अनुरुपको भवन निर्माणको लागि पहल गरिनेछ ।

१०.स्वास्थ्य संस्थाहरुबाट खोप सेवा प्रदान हुने खोप केन्द्र नभएको ठाउँमा खोप केन्द्र भवन निर्माण गरि गुणस्तरीय सेवा प्रदान गरिनेछ ।

११.स्वास्थ्य संस्थाहरुमा आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ साथै प्रसुति प्रतिक्षालय सेवा विस्तार गरिनेछ । गोपनियता कायम गर्न स्तनपान कक्ष निर्माण गर्दै लागिने छ ।

१२.गाउँघर क्लिनिक तथा खोप केन्द्रमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ ।

१३.अपांगता रोकथाम कार्यक्रमहरुलाई अन्तर्गत तालिम सिप क्षमता अभिबृद्धि गर्नुका साथै उपचार सहयोग र जिविकोपार्जनको लागि अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४.पोष्टमार्टम घर निर्माण तथा बेवारिसे लास व्यस्थापन गरिनेछ साथै घटनामा परी मृत्यु भएकाहरुको लागि निःशुल्क लाश ढुवानी गरिने छ ।

१५.जिवनशैली व्यवस्थापन तथा आयुर्वेद सेवालाई पनि निरन्तरता दिदै थप सेवा विस्तार गर्दै लगिने छ ।र मागको आधारमा आधारभुत आवश्यकतालाई पुरा गर्न पालिकाबाट रकमको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१६.१६-२३ महिनाका बच्चाहरुलाई तौल अनुगमनका लागि थप योजना बनाउदै लगिने छ ।

१७.सरुवा रोग तथा महामारी रोगहरुको समयमा पहिचान तथा निगरानी गर्दै रोकथाम तथा प्रतिकार समयमा गरिने छ ।

१८.नसर्ने रोग तथा पोषण सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिने छ ।

१९.वर्थिङ तथा आधारभुत अस्पतालबाट रेफर भई अन्य क्षेत्रमा प्रसुती गर्नु पर्ने अवस्था भएका विपन्न महिलाहरुको प्रसुती सेवाकालागी सहयोग रकमको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२०.सबै नागरिकलाई गुणस्तरीय, सुलभ, पहुँचयोग्य र किफायती स्वास्थ्य सेवा उपलब्ध गराउने।

२१.आधारभूत स्वास्थ्य सेवालाई प्राथमिकता दिँदै रोकथाम, उपचार, पुनर्स्थापना तथा स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने।

२२.मातृ तथा शिशु स्वास्थ्य, पोषण, खोप तथा परिवार नियोजन सेवाको प्रभावकारी विस्तार गर्ने।

२३.सरुवा तथा नसर्ने रोगहरूको रोकथाम, नियन्त्रण र व्यवस्थापनलाई सुदृढ गर्ने।

२४.स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, उपकरण तथा जनशक्ति व्यवस्थापनमा सुधार गर्ने।

२५.स्वास्थ्य बीमा तथा सामाजिक सुरक्षा कार्यक्रममार्फत स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाउने।

२६.सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरण प्रवर्द्धन गरी जनस्वास्थ्य सुधार गर्ने।

२७. विपद्, महामारी तथा स्वास्थ्य आपत्कालीन अवस्थाको प्रभावकारी व्यवस्थापन गर्ने।

२८. गाउँपालिका मातहतका सबै कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा संचालनको लागि प्राथमिकता निर्माण गर्ने ।

२९.किशोर किशोरी मैत्री कक्ष स्वास्थ्य संस्थाहरुमा स्थापना गर्न पहल गरिने छ ।

३०.सबै वडा तथा स्वास्थ्य संस्था अन्तर्गतका टोलहरुलाई पोषण मैत्री वडा घोषणा गर्दै २०३० सम्ममा मिक्लाजुङ गाउँपालिकालाई पनि पोषण मैत्री पालिका घोषणा गर्न रणनीति गरी कार्यक्रमलाई प्राथमिकीकरण गर्ने ।

५. सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ता

१. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको पहिचान तथा नविकरणमा सहजता र पारदर्शिता तथा भत्ता वितरणको कार्यलाइ थप प्रभावकारी बनाउन राष्ट्रिय परिचयपत्र नम्बरको माध्यमबाट बायोमेट्रिक भेरिफिकेशन गर्ने व्यवस्था मिलाईनेछ ।

२. अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता कार्यलाई अझ व्यवस्थित गरिनेछ ।

३. पञ्जीकरणका कार्यहरुलाई घुम्ति सेवामार्फत टोल टोलमा पुर्‍याइने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४. पञ्जीकरण अभिलेखलाई सुरक्षित राख्ने व्यवस्था मिलाइनेछ ।

५. सामाजिक सुरक्षा भत्ता तथा सामाजिक संरक्षणका कार्यक्रमलाई प्रभावकारी, पारदर्शी र लक्षित वर्गमैत्री बनाउने।

६. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित बालबालिका तथा अन्य लक्षित वर्गलाई सामाजिक सुरक्षाको पहुँच सुनिश्चित गर्ने।

७. जन्म, मृत्यु, विवाह, बसाईँसराइ तथा सम्बन्धविच्छेद लगायत व्यक्तिगत घटना दर्तालाई व्यवस्थित, समयमै र पूर्ण बनाउने।

८. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने।

९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सेवामा सहज, छिटो र नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने।

१०. सामाजिक सुरक्षा तथा नागरिक अभिलेख प्रणालीलाई विश्वसनीय, अद्यावधिक र तथ्यमा आधारित बनाउने

६. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. परम्परागत, मौलिक कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्धन, प्रवर्धन र विकासका लागि गाउँपालिकाले उद्योग वाणिज्य संघ लगायत अन्य सरोकारवालाहरुसंग समन्वय सहकार्य गर्दै आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गर्नेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई अनिवार्य र सूचना प्रविधिमा आधारित बनाइनेछ ।

३. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

४. आन्तरिक एवं वाह्य पर्यटक वृद्धिका लागि निजी क्षेत्रसंगको सहकार्यमा जोड दिइनेछ।

५. स्थानीय स्रोत, साधन, सीप र प्रविधिमा आधारित उद्योगहरूको विकास तथा प्रवर्द्धन गर्ने।

६. साना, घरेलु, लघु तथा मझौला उद्योगको स्थापना, विस्तार र आधुनिकीकरणमा प्रोत्साहन गर्ने।

७. उद्यमशीलता विकासमार्फत रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रलाई सबल बनाउने।

८. स्थानीय कला, संस्कृति, धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्ने।

९. निजी क्षेत्र, सहकारी तथा समुदायसँगको सहकार्यमा उद्योग तथा पर्यटन क्षेत्रको विकास गर्ने।
१०. पर्यटन पूर्वाधार, सेवा तथा व्यवस्थापनमा सुधार गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने।
११. स्थानीय उत्पादनको बजारीकरण तथा ब्राण्डिङमा जोड दिने।

७. कृषि सम्बन्धी नीति तथा कार्यक्रम

१. समग्र कृषि क्षेत्रलाई सम्मानजनक,मर्यादित आकर्षक पेशाको रुपमा विकास गरी कृषिमा प्राविधिक तथा व्यावसायीक शिक्षालाई प्राथमिकता दिई योग्य र दक्ष कृषक मार्फत आधुनिक कृषि प्रणालीको प्रवर्द्धन गरिनेछ।
२. कृषि क्षेत्रमा लागेका सम्पुर्ण कृषकहरुको स्तर साना), मझौला र ठुला(निर्धारण गरी कृषक परिचयपत्र वितरण र आवधिक कार्यक्रम लागु गरिने छ ।
३. उत्पादनमा आधारित कृषक पुरस्कारलाई समय सापेक्ष परिमार्जन गर्दै कृषि उपजको गुणात्मक एवं परिमाणात्मक उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि प्राङगारिक मलखाद उत्पादनमा अनुदान (कृषक प्रोत्साहन अनुदान) कार्यक्रम सञ्चालनलाई निरन्तरता गरिनेछ।
४. परम्परागत कृषि पेशालाई व्यवसायिक कृषि तर्फ विकसित गर्न क्षमता अभिबृद्धि तालिम कार्यक्रम, कृषि यान्त्रिकरण, प्रविधि हस्तान्तरणलाई प्रोत्साहन गर्ने नीति ल्याइनेछ ।
५. तरकारी अन्नबाली, फलफूल खेतीको प्रवर्धन गर्दै जडीबुटी, अलैंची, चिया तथा कफि जस्ता नगदेबालीको उत्पादन क्षेत्र बिस्तार गर्न कृषकलाई प्रोत्साहन गरिनेछ । फलफूल उत्पादनको पकेट क्षेत्र बढाउन फलफूलका बिरुवा उत्पादन तथा वितरण कार्यक्रम ल्याइनेछ ।
६. कृषियोग्य जमिनबाट माटोको परीक्षण गरी अम्लिय माटो सुधारका लागि कृषि चुन वितरण गर्ने कार्यक्रम ल्याइनेछ
७. कृषकहरुको क्षमता विकास गर्न विशेष तालिम तथा कृषक अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।
८. रासायनिक मल कृषकलाई सहज रुपमा उपलब्ध गराउदै किटनाशक विषादीको प्रयोगलाई कम गर्न प्राङ्गारिक र जैविक मलको प्रयोगलाई बढावा दिन आइ.पि.एम. प्रणाली अबलम्बल गरिनेछ ।
९. उत्पादन साथमा अनुदान हातमा नारा सहित उत्पादनमा आधारित कार्यक्रमलाई विशेष जोड दिइनेछ ।
१०. कृषि क्षेत्रको उत्पादन बृद्धिमा जोड दिंदै गाउँपालिकाको उत्पादन उपभोग गरौं, गाउँपालिका क्षेत्र उत्पादनलाई प्रोत्साहन गरौं अभियान सञ्चालन गरिनेछ ।
११. कृषि बजारको व्यवस्थापन गर्दै परम्परागत खेती तथा रैथाने बालीको संरक्षणमा प्राथमिकता दिई स्थानीय बालीको बिउबिजन संरक्षण गरिनेछ ।
१२. कृषि तथा पशुपन्छी क्षेत्रलाई व्यवसायिक, आधुनिक, प्रतिस्पर्धी र उत्पादनमुखी बनाउने।
१३. खाद्य तथा पोषण सुरक्षालाई सुनिश्चित गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
१४. कृषकको आयस्तर वृद्धि तथा कृषि उद्यमशीलताको विकासमा प्रोत्साहन गर्ने।

१५.कृषि तथा पशुपन्छी उत्पादनमा आधुनिक प्रविधि, यान्त्रिकीकरण र नवप्रवर्तनको प्रयोग विस्तार गर्ने।

१६.स्थानीय सम्भावना र विशेषताका आधारमा कृषि तथा पशुपन्छी क्षेत्रको विकास गर्ने।

१७.कृषि उत्पादनको भण्डारण, प्रशोधन, मूल्य अभिवृद्धि तथा बजारीकरणमा जोड दिने।

१८.जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रलाई सुरक्षित बनाउन अनुकूलन कार्यक्रम सञ्चालन गर्ने।

८. पशु सेवा तथा पशुपंक्षी पालनः

१. Four pillars of livestock sector, दुध, फलफुल, मासु र अण्डा वाट नगरलाई आत्मनिर्भर बनाई बजार व्यवस्थापनलाई प्राथमिकतामा दिने नीति अबलम्बन गरिनेछ ।

२. कृषक तथा पशु स्वास्थ्य सेवा प्राविधिकहरुको क्षमता अभिवृद्ध गरी पशुसवास्थ्य सेवालाई सुदृढीकरण गर्ने र परजिवी नियन्रणका लागि औसधि उपचारको व्यबस्था गरिनेछ ।

३. कृषकहरुलाई अध्ययन अवलोकन भ्रमण गराई ज्ञान र सीपको अभिबृद्धि गरी कृषि पेशालाई सम्मनीत, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गरिनेछ ।

४. राष्ट्रिय नीति अनुरुप कृषि खेती विमा र पशु विमा कार्यक्रमलाई प्रोत्साहित गरि कृषि व्यवसाय प्रवर्द्धनका लागी युवालाई आकर्षित गर्ने खालका कार्यक्रमहरु संचालन गरि युवाहरुलाई विदेश जानबाट निरुत्साहित गरिने छ ।

५. पशुपंन्छी तथा मत्स्यको संक्रामक ,माहामारी रोग पहिचान, उपचार र नियन्त्रणमा विशेष जोड दिईने छ,पशु स्वास्थ्य व्यावस्थापनको लागि पशु पंन्छीका रोगहरु विरुद्ध खोप कार्यक्रम तथा पशु चिकित्सक सहितको पशु स्वास्थ्य सेवा सिविर संचालन गर्ने र प्रयोगशाला सेवाको सुदृढ गरिनेछ ।

६. पशु नश्ल सुधारको लागी प्राकृतिक तथा कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिईनेछ

७. कृषि उत्पादनमा व्यावसायीकरण, विविधिकरण,आधुनिकिकरण, यान्त्रीकरण तथा बजारीकरणलाई बिशेष जोड दिदै सामुहिक खेती प्रणाली , सामुहिक पशुपालनको विकास गरी व्यवसायिक कृषक तथा फर्महरुलाई प्रोत्साहन गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने निति अवलम्वन गरिने छ ।

८. किसानहरुबाट सहाकारी मार्फत दुध संकलन गरी प्रशोधन केन्द्रको स्थापना गर्ने र पशुपालान तर्फ युवा किसानहरुलाई आकर्षित गर्ने नीति लिइनेछ ।

९. गाउँपालिकाक्षेत्रमा भएका सामुदायीक कुकुरहुरलाई खोप तथा बन्धयाकरण सेवा उपलब्ध गराईनेछ ।

१०.जुनोटिक रोगहरुको बारेमा जनचेतनामुलक कार्यक्रम लाई अगाडि बढाइने छ ।

११.पशु आहाराका लागी घाँस खेती कार्यक्रम,घाँस श्रोत केन्द्र,डाले घाँस नर्सरी कार्यक्रमलाई जोडदिने छ ।

१२.एक वडा एक पशु सेवा प्राविधिकहरुको व्यावस्थाको लागि जोड दिईने छ ।

१३.माछा पालन व्यवसायलाई प्रोत्साहित गरी सो सम्बन्धी सेवा तथा सहयोग उपलब्ध गराईनेछ ।

१४.बाख्रा श्रोत केन्द्र विकासको लागि जोड दिईदै पशु पंन्छी तथा मत्स्य पालन पकेट कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१५.पशुपन्छी पालनलाई व्यवसायिक, आधुनिक तथा उत्पादनमुखी बनाउँदै कृषकको आयस्तर वृद्धि गर्ने।

१६.पशु स्वास्थ्य सेवा, रोग नियन्त्रण तथा उपचार सेवाको पहुँच सबै कृषकसम्म विस्तार गर्ने।

१७.उन्नत जातका पशुपन्छीको विकास तथा प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

१८.पशुपन्छीजन्य उत्पादनको गुणस्तर, प्रशोधन, मूल्य अभिवृद्धि तथा बजारीकरणलाई प्रोत्साहन गर्ने।

१९.युवा, महिला तथा सीमान्तकृत समुदायलाई पशुपालन व्यवसायमा आकर्षित गर्ने।

९. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

३. सहकारी संस्थाको दर्ता, नियमन तथा अनुगमन कार्यक्रम।

४. बचतकर्ताको हित संरक्षण तथा वित्तीय साक्षरता कार्यक्रम।

५. कृषि, दुग्ध, फलफूल, तरकारी तथा पशुपालनमा आधारित सहकारी प्रवर्द्धन कार्यक्रम।

६. महिला, युवा तथा विपन्न समुदाय लक्षित सहकारी विकास कार्यक्रम।

७. सहकारी व्यवस्थापन तथा नेतृत्व विकास तालिम।

८. सहकारी सूचना व्यवस्थापन प्रणालीको विकास तथा डिजिटल सेवा विस्तार।

९. सहकारी क्षेत्रको लेखापरीक्षण तथा वित्तीय पारदर्शिता प्रवर्द्धन कार्यक्रम।

१०.उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने सहकारी परियोजनालाई सहजीकरण।

११.सहकारी क्षेत्रलाई स्थानीय आर्थिक विकास, रोजगारी सिर्जना र गरिबी न्यूनीकरणको प्रमुख माध्यमका रूपमा विकास गरिनेछ।

१२.सहकारी संस्थाहरूलाई **पारदर्शी, दिगो र उत्तरदायी** बनाउने ,स्थानीय उत्पादन, उद्यम र रोजगारमा सहकारीको भूमिका बढाइने छ ।

१३.COPOMIS प्रणालीमा विवरण अद्यावधिक अनिवार्य गरिने

१४.सहकारी क्षेत्रलाई मिक्लाजुङ गाउँपालिकाको **आर्थिक मेरुदण्ड** का रूपमा विकास गर्दै स्थानीय स्तरमा उत्पादन, रोजगार र समृद्धि हासिल गर्ने लक्ष्यका साथ यो नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१०.रोजगारी र उद्यमशिलता सम्बन्धी नीति तथा कार्यक्रम

१. राष्ट्रिय रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरुसँग आबद्द गरी उत्पादन मूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।

२. सूचीकृत भएका बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभूती गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममुलक आयोजना मार्फत समूदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभूती गराइनेछ ।

३. रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउदै विद्यमान बेरोजगारी दर कम गर्नका लागि यस स्थानीय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आह्वान गरी रोजगार सेवा केन्द्र मार्फत NEMIS System मा सूचिकृत गरिनेछ।

४. स्थानीय तहको आफ्नै रोजागर रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।

५. युवा स्वरोजगार तथा उद्यमशीलता विकास कार्यक्रम।

६. सीपमूलक तथा व्यावसायिक तालिम कार्यक्रम।

७. स्टार्टअप तथा नवप्रवर्तन प्रवर्द्धन कार्यक्रम।

८. सहुलियतपूर्ण कर्जा तथा उद्यम वित्तीय सहायता कार्यक्रम।

९. कृषि, पर्यटन, सूचना प्रविधि र उत्पादनमूलक क्षेत्रमा रोजगारी सिर्जना कार्यक्रम।

१०.महिला तथा युवामुखी उद्यम विकास कार्यक्रम।

११.श्रम बजार सूचना प्रणाली तथा रोजगार सेवा केन्द्र सञ्चालन।

१२. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि पुनःएकीकरण तथा उद्यम सहायता कार्यक्रम।

१३.गरिब, विपन्न, महिला तथा लक्षित वर्गलाई उद्यमशीलतामा संलग्न गराउने छ

१४.उत्पादन, बजार र वित्तमा पहुँच विस्तार गराइने छ ।

१५.नयाँ उद्यमीहरूको संख्या वृद्धि गराउँदै बेरवजगारी दरमा कमी ल्याइने छ ।

१६.लघु उद्यम विकासलाई मिक्लाजुङ गाउँपालिकाको **रोजगार र आर्थिक समृद्धिको प्रमुख आधार** बनाउँदै स्थानीय स्रोत, सीप र अवसरको अधिकतम उपयोग गरी दिगो विकास हासिल गरिनेछ।

११.सूचना प्रविधि तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिने एवं नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचना एवं प्रविधि मैत्रि वनाउन आवश्यक सफ्टवेयर, मोवाइल एप्लिकेसन, हार्डवेयर, नेटवर्क तथा प्रविधि सम्बन्धि उपकरणहरु आवश्यकता अनुसार खरिद गरी संचालनमा ल्याइनेछ।

२. नगरपालिका तथा वडा कार्यालयहरुको सूचना संप्रेषणका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सूचना अधिकारी तथा सहायक सूचना अधिकारी एवं गाउँ कार्यपालिकाको प्रवक्ताको व्यवस्थालाई निरन्तरता दिदै वडा कार्यालयमा पनि वडा समितिको १ जना सदस्यलाई प्रवक्ता र वडा सचिवलाई सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइनेछ ।

३. गाउँ कार्यपालिकामा छुट्टै शाखाको रुपमा रहने गरी सूचना अभिलेख केन्द्रको व्यवस्था गरिनेछ । जहाँ गाउँ पालिकासँग सम्बन्धित सूचना तथा अभिलेख र खोज अनुसन्धानका स्रोत सामाग्रीहरुलाई संग्रहको रुपमा व्यवस्थापन गरिनेछ ।

४. प्रत्येक वडा कार्यालयमा टेलिफोन सहित इमेल, इन्टरनेटको सहज व्यवस्थापन गरी कामलाई व्यवस्थित तथा छिटो गर्न इन्टरनेट प्रोभाइडरसँगको समन्वयमा फाइबर सहितको उच्चगतिको इन्टरनेट सेवा विस्तार कार्यक्रम।

५. सरकार र नागरिक (G2C) का विचमा आदान प्रदान गरिने सेवा सुविधाहरु, सरकार र व्यवसायी (G2B) बिचका सेवाहरु र सरकार र सरकार (G2G) बीचका सेवाहरुको प्रवाह र सञ्चालनमा सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

६. गाउँपालिकाको वेभसाइट अद्यावधिक गर्ने, डिजिटल सूचना पाटी राख्ने र नगरपालिका मातहतका सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक माध्यमिक विद्यालयमा इ-हाजिरी प्रणाली जडान र सि.सि.टि जडान गरी .भि.गाउँ कार्यपालिकाबाटै दुर अनुगमनको व्यवस्था मिलाउदै लगिनेछ ।

७. सेवाग्राहीले तिरेको बिलको रकम सम्बन्धित व्यक्तिको मोवाइलमा Message जाने व्यवस्थाको शुरुवात गरिनेछ ।

८. सामुहिक एसप्रणालीको उपयोग .एस .एम ., नगरपालिकाको फेसबुक पेज र वेभसाइटमा गाउँपालिकाको गतिविधि र सूचनाहरु अद्यावधिक गरिनेछ ।

९. सफ्टवेयर प्रणालीमा आधारित ?? ??? ???? अद्यावधिक गरिनेछ ।

१०. मिक्लाजुङ गाउँपालिकाकाका पर्यटकीय स्थल, धार्मिक मठ मन्दिर र ऐतिहासिक धरोहर स्थलमा डिजिटल ट्रेश रुट सहितको नक्शांकन गर्ने व्यवस्था मिलाइनेछ ।

११. सरकारी सेवाको अनलाइन प्रणाली विकास तथा सञ्चालन।

१२. साइबर सुरक्षा तथा डिजिटल सुरक्षा सुदृढीकरण कार्यक्रम।

१३. डिजिटल साक्षरता तथा कम्प्युटर शिक्षा विस्तार कार्यक्रम।

१४. सूचना तथा सञ्चार माध्यमहरूको क्षमता अभिवृद्धि तथा सुदृढीकरण कार्यक्रम।

१२. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्र न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध गरी न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

२. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ। वडा स्तरीय मेल मिललाप केनद्र स्थापना तथा मेलमिलाप कर्ता हरुको छनौट तथा आधारभुत तालिमको व्यवस्था गरिने छ ।

३. संविधान, प्रचलित कानून तथा मानव अधिकारका सार्वभौमिक मान्यताअनुसार न्यायमा सबै नागरिकको सहज र समान पहुँच सुनिश्चित गर्ने।

४. कानूनी शासन, सुशासन, पारदर्शिता तथा जवाफदेहितालाई सुदृढ गर्ने।

५. मानव अधिकारको संरक्षण, प्रवर्द्धन तथा सम्मान गर्ने वातावरण निर्माण गर्ने।

६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य कमजोर तथा सीमान्तकृत समुदायको अधिकार संरक्षणमा विशेष जोड दिने।

७. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी स्थानीय स्तरमै विवाद समाधानलाई प्रभावकारी बनाउने।
८. कानूनी साक्षरता तथा नागरिक सचेतना अभिवृद्धि गर्ने।
९. न्यायिक तथा प्रशासनिक प्रक्रियालाई नागरिकमैत्री, सरल र प्रभावकारी बनाउने।

१३. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी असुल उपर एवम् फछ्यौट गर्ने तथा कानून परिपालनामा जोड दिइनेछ ।
२. तालिम, तथा अभिमुखीकरणवाट गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी निर्णय प्रक्रिया र सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ ।
३. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
४. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
६. सम्भव भएजति गाउँपालिकाको काम कारवाही एवं सेवा प्रवाहलाई अनलाइन तथा आइसिटि मार्फत गर्ने\गराउने व्यवस्था मिलाई सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।
७. सम्पूर्ण वडाको आफ्नै प्रशासकनिक भवनबाट सेवा प्रवाहको ब्यवस्था मिलाइनेछ।
८. गाउँपालिका तथा वडा कार्यालयबाट सम्पादन हुने दैनिक तथा सामान्य सेवा सञ्चालनका लागि आवश्यक पर्ने कागजातहरु, सम्पर्क व्यक्ति, लाग्ने राजस्व रकम र गुनासो सुन्ने अधिकारीको समेत स्पष्ट देखिने गरी सेवाग्राहीको लागि नागरिक वडापत्र राखिनेछ ।
९. नागरिक वडापत्रमा लेखिएका सेवा सुविधा काबु बाहिरको परिस्थितिमा वाहेक तोकिए बमोजिम उपलव्ध गराइनेछ ।
१०. सेवा सहजीकरणका लागि डिजिटल नोटिस बोर्ड, मोवाइल एप, सहायता कक्ष, गाउँपालिकाको वेभसाइट आदि व्यवस्थित र अद्यावधिक गरिनेछ ।
११. गाउँपालिकाबाट प्रवाह गर्ने सेवाहरु सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम चौमासिक रुपमा सञ्चालन गरिनेछ ।
१२. विद्युतीय अवरोध भएको समयमा समेत सेवाग्राहीहरुलाई सेवा प्रदान गर्नका लागि सोलार एवं इन्भर्टर जडान गरि सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
१३. सेवाग्राहीको गुनासो सुन्ने र सल्लाह सुझाव लिने प्रणालीलाई थप व्यवस्थित गर्न गुनासो सुन्ने अधिकारी तोकी व्यवस्थित गरिनेछ ।
१४. सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा जनउत्तरदायी प्रशासनिक प्रणालीको विकास गर्ने।
१५. सार्वजनिक सेवालाई छिटो, छरितो, गुणस्तरीय, प्रविधिमैत्री तथा सेवाग्राहीमैत्री बनाउने।
१६. कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवालाको संस्थागत तथा व्यावसायिक क्षमता अभिवृद्धि गर्ने।

१७.सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सुशासन प्रवर्द्धन गर्ने।
१८.नागरिक सहभागिता, सार्वजनिक सुनुवाइ तथा सामाजिक उत्तरदायित्वका अभ्यासलाई सुदृढ गर्ने।
१९.भ्रष्टाचार नियन्त्रण, सदाचार प्रवर्द्धन तथा वित्तीय अनुशासन कायम गर्ने।
२०.संस्थागत विकास तथा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली लागू गर्ने।

मानव संसाधन विकास

१. जनप्रतिनिधि, कर्मचारीको क्षमता विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
२. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) तर्जुमा गरिनेछ ।
३. गाउँपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त विश्वानीय, क्षमतायुक्त र प्रभावकारी बनाउदै लागिनेछ ।
४. गाउँपालिका तथा वडा स्तरीय योजनाहरु अनुगमनका लागि तालिम तथा कार्ययोजना सहितको नतिजामूलक अनुगमन प्रणाली अवलम्बन गरिनेछ ।
५. राजस्व तथा प्रशासन शाखालाई व्यवस्थित गरी कर्मचारीहरुलाई आवश्यकता अनुसारको तालिम दिई सरल र सहज किसिमले राजस्व संकलन गरिनेछ ।
६. वातावरण तथा विपद् व्यवस्थापन शाखाका प्राविधिक कर्मचारीहरुलाई आवश्यकता अनुसारका यन्त्र औजारहरु खरिद गरी तालिम प्रदान गरिनेछ ।
७. सामाजिक आर्थिक तथा समुदाय परिचालनका लागि आवश्यकता अनुसार क्षमता अभिवृद्धि कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
८. सक्षम, अनुशासित तथा उत्तरदायी मानव संसाधनको विकास गरी संस्थागत कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्ने।
९. कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवालाको ज्ञान, सीप, क्षमता र नेतृत्व विकासमा जोड दिने।
१०. आवश्यकता र कार्यक्षेत्रअनुसार तालिम, अध्ययन, अनुसन्धान तथा अनुभव आदानप्रदानका अवसरहरू सिर्जना गर्ने।
११. कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा क्षमता विकास प्रणाली अवलम्बन गर्ने।
१२. मानव संसाधन व्यवस्थापनमा समावेशिता, समान अवसर र व्यावसायिकताको प्रवर्द्धन गर्ने।
१३. सूचना प्रविधि तथा आधुनिक व्यवस्थापन प्रणालीमा आधारित जनशक्ति विकासलाई प्राथमिकता दिने।
१४. संस्थागत आवश्यकताअनुसार योग्य तथा दक्ष जनशक्तिको विकास र उपयोग सुनिश्चित गर्ने।

सुरक्षा व्यवस्थापन तथा नगर प्रहरी

१. गाउँपालिका कार्यालयको सुरक्षा व्यवस्थापनको लागि गाउँपालिका भित्र सबै शाखा उपशाखाहरुमा सिसि क्यामरा जडान गरिनेछ ।
२. आन्तरिक श्रोत सुदृढ गरी नगर प्रहरीको व्यवस्था गरिनेछ ।
३. गाउँपालिकाको सामाजिक सुरक्षा व्यवस्थापनका लागि कार्यविधि तर्जुमा गरी नगर प्रहरीको व्यवस्था गरिनेछ ।
४. गाउँपालिका क्षेत्रको शान्ति, सुरक्षा, सुव्यवस्था तथा सार्वजनिक सम्पत्तिको संरक्षण सुनिश्चित गर्ने।
५. नगर प्रहरी व्यवस्थालाई प्रभावकारी, व्यावसायिक, उत्तरदायी तथा नागरिकमैत्री बनाउने।

६. स्थानीय सरकार, सुरक्षा निकाय तथा समुदायबीच समन्वय र सहकार्यलाई सुदृढ गर्ने।
७. सार्वजनिक स्थल, बजार क्षेत्र, सडक, पार्क तथा अन्य सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्ने।
८. विपद्, दुर्घटना तथा आपत्कालीन अवस्थाको व्यवस्थापनमा नगर प्रहरीको भूमिका सुदृढ गर्ने।
९. कानून, नियम तथा स्थानीय नीतिको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने।
१०. प्रविधिमैत्री तथा आधुनिक सुरक्षा व्यवस्थापन प्रणालीको विकास गर्ने।

स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन

